Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# माओवादी द्वन्द्वविरुद्ध विदेशी राष्ट्रहरूको सैनिक सहयोग

**डा.विनोद थापा**
त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर
email: drbinodthapa@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v11i1.92787*

## सारसङ्क्षेप

*नेपालमा माओवादी द्वन्द्व व्यापक बन्दै गएपछि र त्यस विरुद्ध तत्कालीन शाही नेपाली सेना (यसपछि नेपाली सेनामात्र सम्बोधन गरिएको) परिचालन गरेपछि नेपाललाई पहिलादेखि नै सैनिक सहयोग दिँदै आएका राष्ट्रहरू अमेरिका, बेलायत एवं छिमेकी देशहरू भारत र चीनको ध्यान नेपालतर्फ आकर्षित हुँदै गयो । भारतीय सेनासँग नेपाली सेनाको रहँदै आएको लामो सम्बन्ध र नेपाली सेनाले भारतमा प्राप्त गर्दै आएको तालिम र भारतबाट नेपालले प्राप्त गर्दै आएको सैन्य सामग्री सहयोगको इतिहास लामो भएता पनि पछि नेपालमा माओवादी आन्दोलन चर्कंदै गएपछि अमेरिकी सैनिक सहयोग त्योभन्दा बढी देखिन्छ । सेप्टेम्बर ११ को आतंककारी हमलापछि अमेरिकाले आतंकवादविरुद्ध युद्ध थालनी गऱ्यो । त्यही समयबाट अमेरिकाले नेपालमा सैन्य सहयोग थालनी गरेको थियो । जसअनुसार नेपालमा माओवादी समस्या उत्पन्न भएपछि अमेरिका, बेलायत, भारत, चीन लगायतका राष्ट्रहरूले तत्कालीन श्री ५ को सरकारलाई (यसपछि नेपाल सरकारमात्र सम्बोधन गरिएको) के कसरी सहयोग गरेको थियो र त्यसको प्रभाव कस्तो पर्न गएको थियो भन्ने बारेमा प्रकाश पार्ने उद्देश्यले यो लेख तयार पारिएको छ ।*

***शब्दकुञ्जी*** : अमेरिका, आतंकवाद, आक्रमण, माओवादी, सेना, हतियार, हमला ।

## परिचय

सन् १९९६ फेब्रेवरी १३ (वि.सं.२०५२ फागुन १) मा माओवादीहरूले रोल्पाको होलेरीमा रहेको प्रहरी चौकीमा आक्रमण गरी विधिवत रूपमा जनयुद्ध थालनीको घोषणा गरे । नेपालमा माओवादी द्वन्द्व शुरु भएपछि त्यसले राजनीतिक क्षेत्रमा पनि प्रत्यक्ष र महत्त्वपूर्ण प्रभाव पार्दै लग्यो । किनभने यसपछि बनाइने राजनीतिक नीतिहरू, गरिने निर्णयहरू, सरकार फेरबदलका कुराहरू आदिमा माओवादी द्वन्द्वले प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभाव पार्दै लग्यो । त्यसै गरी देशको आन्तरिक राजनीतिमा अमेरिका, भारत, बेलायत, चीन लगायत अन्तर्राष्ट्रिय जगतको समेत ध्यान खिंचिदै गयो । पछिल्लो चरणमा त्यसले झन् व्यापक रूप नै लिन गयो । अर्कोतर्फ सन् २००१ सेप्टेम्बर ११ को आतंककारी हमलापछि अमेरिकाले आतंकवादविरुद्ध युद्ध थालनी गऱ्यो । त्यही समयबाट अमेरिकाले नेपालमा सैन्य सहयोग थालनी गरेको थियो । यहाँ प्रश्न उठ्न सक्छ कि अमेरिकामा सेप्टेम्बर ११ घट्नु र नेपालमा माओवादी विद्रोह बढ्नुले मात्र अमेरिकाले नेपाललाई सैनिक सहयोग गर्न अगाडि बढेको थियो त ? एक स्रोतले उल्लेख गरेअनुसार, त्यसमा अमेरिकाको आफ्नै स्वार्थ पनि थियो जसअनुसार सन् २००१ देखि अमेरिकाले विश्वव्यापी आतंकवादविरुद्धको युद्ध घोषणा गर्दै विश्वभरी आफ्नो सैनिक उपस्थिति जनाउन र आफ्नो हतियार अन्य देशमा बिक्री गर्ने नीति लियो (लोबे, सन् २००७ जुन २२) । सोही नीतिअनुसार सन् २००१ पछि अमेरिकाले नेपालसँग आतंकवाद

विरुद्ध सहकार्य गर्दै सैन्य सहयोग दिन शुरू गरेको थियो । नेपाल सरकारले पनि माओवादीहरूलाई आतंककारी घोषित गरी सेना परिचालन गऱ्यो । जर्ज डब्लु बुशको ११ सेप्टेम्बरपछिको आतंकवाद विरोधी विश्वरणनीतिमा नेपालको माओवादीसँगको युद्ध पनि स्वतः गाँभिन गयो र अमेरिकी राजदूत एवं अन्य पदाधिकारीहरू त्यसको कार्यान्वयनकर्ता बन्न पुगे । नेपालमा माओवादी सशस्त्र संघर्ष शुरू भएपछि अन्तर्राष्ट्रिय जगतको ध्यान नेपालतर्फ खिचियो । त्यसमा प्रत्यक्ष एवं धेरै सरोकार राख्ने राष्ट्रहरूमा अमेरिका, भारत र बेलायत नै प्रमुख थिए । अमेरिकी सेनाका कतिपय उच्च सैनिक पदाधिकारीहरूले नेपालको भ्रमण गरी नेपाली सेनाको मुख्यालय गई उच्च सैनिक अधिकृतहरूसँग भेटसमेत गरे । त्यसै गरी सैनिक ब्यारेकहरूको निरीक्षण भ्रमण गरी आवश्यक सल्लाह र निर्देशनसमेत दिए ।

## अध्ययन विधि र सामग्री

प्रस्तुत लेख गुणात्मक विधिमा आधारित रहेको छ । प्राप्त स्रोतका आधारमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिका आधारमा लेख तयार पारिएको छ । जसअनुसार घटनाक्रमलाई क्रमशः उल्लेख गर्दै ती घटनाहरूको परिणामलाई विश्लेषण गरिएको छ । लेख तयार पार्नका लागि धेरै मात्रामा प्रकाशित द्वितीय स्रोतहरू विशेष गरी तत्कालीन समाचारपत्रहरूमा प्रकाशित समाचारहरू, लेखहरू तथा पुस्तकहरूको प्रयोग गरिएको छ । माओवादी द्वन्द्वका समयमा विदेशी राष्ट्रहरूले नेपाल सरकारलाई दिएको सैनिक सहयोगका बारेमा खासै पुस्तकहरू लेखिएका छैनन् तसर्थ माओवादी द्वन्द्वका समयमा विदेशी राष्ट्रहरूले नेपाल सरकारलाई दिएको सैनिक सम्बन्धका बारेमा जतिसक्दो धेरै जानकारी दिनका लागि यो लेख तयार पारिएको छ । त्यसैले दश वर्षे माओवादी द्वन्द्वका समयमा अमेरिका, भारत, बेलायत, चीन, बेल्जियम आदि राष्ट्रहरूले नेपाल सरकारलाई गरेको सहयोग, त्यसरी सहयोग गर्नुमा ती राष्ट्रहरूको स्वार्थ, त्यसबाट परेको सकारात्मक तथा नकारात्मक प्रभाव आदिका बारेमा जानकारी दिनु नै यो लेखको मुख्य उपलब्धी रहेको छ । सन्दर्भ सामग्रीहरूको प्रयोग गर्दा वि.सं. दिइएकोलाई नेपाली मिति र संवत् नलेखिएको मितिलाई अङ्ग्रेजी मिति भनेर बुझ्नु पर्छ ।

## नेपाल र अमेरिकाबीच आतंकवादविरुद्ध लड्ने सम्झौता (सन् २००३ अप्रिल २५)

सन् २००३ अप्रिल २५ मा नेपाल र अमेरिकाबीच आतंकवादविरुद्ध लड्ने सम्झौता भयो । उक्त सम्झौतापछि अमेरिकी सरकारले शाही नेपाली सेनालाई माओवादीविरुद्ध लड्न सैनिक सहयोगहरू उपलब्ध गराउन थाल्यो । उक्त सम्झौताको मुख्य लक्ष्य आतंककारी हमला र धम्कीको प्रतिकार गर्न आवश्यक पर्ने तालिम र सैन्य सामग्री उपलब्ध गराउनु थियो । उक्त सम्झौता बमोजिम पहिलो चरणमा जनपथ र सशस्त्रका गरी कुल २०० प्रहरी अधिकृतलाई विशिष्ट तालिम प्रदान गरिएको थियो (राज, २००४) । उक्त तालिमका लागि झण्डै आठ करोड रुपैया खर्च भएको थियो (कान्तिपुर, सन् २००३ सेप्टेम्बर १३) । त्यसैगरी ५० जना अमेरिकी सेनाका कमाण्डरहरूद्वारा नेपाली सेनाहरूलाई आतंककारी हमलाको प्रतिकार गर्ने सम्बन्धमा १२ हप्ते तालिम प्रदान गरिएको थियो (राज, २००४) ।

## भारतको सैनिक सहयोग

भारतीय सेनाका प्रधानसेनापति जनरल निर्मलचन्द्र विजले सन् २००३ अप्रिल २४ मा काठमाडौँको भ्रमण गरी माओवादी द्वन्द्वविरुद्ध सैनिक सामग्री, तालिम, खरखजाना र प्राविधिक सहयोगका लागि रु. १ विलियन उपलब्ध गराउन घोषणा गरेका थिए (राज, २००४) । यसभन्दा अगाडि सन् २००१ नोभेम्बर २१ मा माओवादीद्वारा युद्धविराम तोडेको ठीक चार दिनपछि नेपालका तत्कालीन प्रधानसेनापतिले आफ्नो जर्मनी यात्रा स्थगित गरी भारतका तत्कालीन स्थल सेना प्रमुख एस. पद्मनाभन्सँग कुरा गरी विद्रोह दबाउनका लागि चाहिएको हतियारको एउटा सूची उपलब्ध गराएका थिए । त्यसको आपूर्ति भारतले १५ दिनभित्र गरेको थियो । जुन एउटा रेकर्ड नै थियो । त्यसपछि पनि नेपालबाट सूचीहरू पठाइनै रहियो र भारतले हतियार आपूर्ति गर्दै गएको थियो । जसका क्रममा भारतले नेपाललाई २ चिता र २ लेन्सर गरी ४ वटा हेलिकोप्टर, १ बिशाल जहाजी वेडा, जीप, ट्रक आदि दिएको थियो । त्यति बेला भारतले अन्य स्रोतबाट विदेशी मुद्राले किनेरसमेत हतियार उपलब्ध गराएको थियो (नेपाल समाचारपत्र, सन् २००३ जुन ९) ।

त्यतिबेलासम्म आइपुग्दा भारतले नेपाललाई २ अर्ब रुपैयाँको हतियार उपलब्ध गराइसकेको थियो र थप १ अर्व बराबरको सहयोग गर्ने कुरा गरेपछि माओवादी पक्षबाट ज्यादै असन्तुष्टी व्यक्त गर्दै त्यस्तो सैनिक सहयोग सत्ता पक्षलाई नगर्न आग्रह गऱ्यो । माओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराईकै शब्दमा :

> दुर्भाग्यवस् ती हतियार पुरानो सत्ताको लागि उपलब्ध गराइएको छ र पूर्ण प्रजातन्त्र प्राप्तीका लागि लडिरहेका जनताविरुद्ध त्यसको प्रयोग भएको छ । हामीहरू यो सत्तालाई हतियार उपलब्ध नगराउन भारतलाई अनुरोध गर्छौं । भारतलाई मात्र त्यस्तो अनुरोध नगरी नेपालमा हेलिकोप्टरसहित हतियार खन्याई रहेका देशहरू अमेरिका, बेलायत र बेल्जियमलाई समेत अनुरोध गर्दछौं । (साँघु, सन् २००३ मे ५)

के भनिन्छ भने, शाही नेपाली सेनालाई अरुभन्दा धेरै सरसामान र तालिमहरू भारतबाटै आएको थियो । (दीक्षित, २००३ डिसेम्बर १३-२००४ जनवरी १४) । भारतले माओवादीविरुद्ध लड्न अरू राष्ट्रहरूले भन्दा धेरै सहयोग गरेकाले एउटा अन्तर्वार्तामा माओवादी अध्यक्ष पुष्पकमल दाहालले आफ्नो सेनाले अन्त्यमा भारतीय सेनासँग लड्नु पर्ने र आफ्नो सेनाले भारतीय सेनालाई पराजित गर्ने कुरा दावासाथ व्यक्त गरेका थिए (शाह, २००४) । तर अमेरिकी सैनिक सहयोगको माओवादीद्वारा जति विरोध भएको थियो, भारतीय सैनिक सहयोगको भएको थिएन । एकातर्फ भारत सरकारले नेपाललाई सैनिक सहयोग गरिरहेको थियो भने अर्कोतर्फ भारतीय पदाधिकारीहरू, जस्तै विदेश सचिव कनवाल सिवालले विभिन्न अवसरहरूमा आन्तरिक विद्रोह दमन गर्न नेपालले बाहिरी सहयोग लिन नहुने धारणा पनि व्यक्त गर्दै हिडेका थिए (अधिकारी, २००३ अगष्ट २२) । नेपालले अमेरिकालगायत बेलायत र चीनसँग पनि सैनिक सहयोगको लागि आग्रह गरेको थियो । यदि अमेरिका, बेलायत र चीनले नेपाललाई सैनिक सहयोग दिएमा नेपालमा ती देशहरूको प्रभाव फैलन सक्ने सम्भावना देखेर पनि विदेश सचिव सिवालले त्यस्तो धारणा राखेको हुन सक्छ । भारतको त्यस्तो धारणा आएपछि नेपालले पनि भारतलाई भन्दा अन्य राष्ट्रलाई सैनिक सहायताको लागि अनुरोध गर्न थाल्यो ।

**बेलायतको सैनिक सहयोग**

सन् २००४ जुनमा माओवादीविरुद्धको लडाइमा सैन्य सहयोग जुटाउन प्रधानसेनापति प्यारजंग थापाले चीनको भ्रमण गरे (नेपाल, सन् २००५ अप्रिल २४) । त्यसै गरी बेलायतलाई गरिएको अनुरोधअनुसार सन् २००४ जुन २४ मा बेलायत सरकारले २ वटा 'आइस ल्याण्डर स्पाई प्लेन' शाही नेपाली सेनालाई उपलब्ध गरायो (उप्रेती, २०६१) । यसो भए तापनि भारतले नेपाललाई दिने सैनिक सहायता भने रोकेको थिएन । बेलायतले दिएको ती जहाजहरू छोटो र कच्ची धावनमार्गमा समेत उड्न र अवतरण गर्न सक्थे । ती जहाजहरू पहाडी भू-भाग र जंगल क्षेत्रमा उडान भर्न ज्यादै उपयोगी थियो । जसमा प्रत्येक जहाजमा २/२ वटा शक्तिशाली इन्जिनहरू थिए (कान्तिपुर, २००३ डिसेम्बर २३) । जुन जहाजहरू नेपाली भूधरातलमा उडान र अवतरणका लागि निकै उपयोगी थिए ।

नेपाललाई अमेरिकाले धमाधम सैनिक सहायता दिँदै गएको कुराबाट चीन चिन्तित हुँदै गयो र चीन सरकारले नेपाललाई माओवादी समस्या समाधान गर्न विदेशी सहयोग नलिन सावधान गरायो (मुनी, २००४) । वास्तवमा सैनिक सहायता दिने क्रममा नेपालमा अमेरिकी उपस्थिति बाक्लो हुँदै गएकाले चीन त्यसबाट असन्तुष्ट भएको थियो । त्यसैले चीनले त्यस्तो सावधानी दिएको थियो । अमेरिकाले नेपाली सेनालाई माओवादीविरुद्ध लड्न विभिन्न किसिमको सहयोगहरू उपलब्ध गराउँदै गयो । त्यसका लागि अमेरिकी उच्च पदाधिकारीहरू एवं उच्च सैनिक अधिकृतहरू नेपाल आई नेपाली सेनाको मुख्यालय भ्रमण गर्ने, प्रधानसेनापति लगायतका उच्च सैनिक पदाधिकारीहरूसँग भेटघाट गर्ने र माओवादीसँगको युद्धबारे जानकारी लिने काम गरे । नेपालको द्वन्द्व र सुरक्षा अवस्थाका साथै नेपाललाई कस्तो किसिमको सैनिक सहयोगको आवश्यकता छ भन्ने सम्बन्धमा बुझ्न सन् २००० मा अमेरिकी सुरक्षा विशेषज्ञ टोली नेपाल आएको थियो । त्यति बेला अमेरिकी सुरक्षा विशेषज्ञ टोलीले नेपाली सेनाको संख्या २ लाख पुऱ्याउनु पर्ने, युनिफाइड कमाण्ड गठन गर्नुपर्ने, वायुसेनाको निर्माण र विकास गर्नुपर्ने, पर्याप्त भौतिक सामग्री जुटाउनु पर्ने आदि सल्लाह र सुझाव दिएको थियो (घले, २००४ मार्च ६) । त्यति बेला अमेरिकी विज्ञहरूले स्थलगत अध्ययन गर्दा कमसेकम २ लाख विशिष्ट सैन्यसामग्रीबाट सुससज्जित दक्ष सेना नभई आन्तरिक द्वन्द्वबाट नेपाललाई मुक्त गर्न सकिन्न भनी सुझाव दिएका थिए । (कान्तिपुर, २०११, अप्रिल २०) । यसको अर्थ अमेरिका नेपालमा सैनिकहरूको संख्या बढाउनु पर्छ भन्ने पक्षमा थियो ।

माओवादी द्वन्द्वका समयमा नेपालमा 'युनिफाइड कमाण्ड' को निर्माण अमेरिकी सल्लाह र निर्देशनअनुसार गरिएको थियो । त्यतिबेला करिव १५ हजारको संख्यामा रहेको सशस्त्र प्रहरी र ४२ हजारको हाराहारीमा रहेको जनपद प्रहरी युनिफाइड कमाण्डअन्तर्गत नेपाली सेनाको नेतृत्वमा माओवादीविरुद्ध लडाँइमा उत्रिएको थियो । त्यसैले माओवादी द्वन्द्वका समयमा नेपाली सुरक्षाफौज अमेरिकी सुझबुझमा अगाडि बढेको थियो । तसर्थ माओवादीले २०५८ सालमा गामस्थित संयुक्त सुरक्षा फौजको आधार शिविरमा आक्रमण गरेर सफलता पाएपछि अमेरिकी योजनालाई बिफल बनाएको घोषणा गरेको थियो (घले, २००४ मार्च ६) । तर पछि अमेरिकी सैनिक सहयोगको कारण आफूहरूले सोचेअनुरुप सफलता प्राप्त गर्न नसकेको कुरालाई माओवादीहरूले स्वीकार गरेका थिए । नेपाललाई अमेरिकी सहयोग विशेष गरी तालिम, नीति तथा योजना निर्माणमा बढी केन्द्रीत थियो । माओवादीविरुद्ध अमेरिकी सरकारले उपलब्ध गराएको सैन्य सहयोग परिमाणात्मकरूपले भन्दा गुणात्मक रूपले प्रभावकारी थियो किन भने उसले नेपाली सेनालाई आफ्नो सेनाले प्रयोग गर्दै आएको अत्याधुनिक एम-१६ राइफल पाँच हजार वटा उपलब्ध गराएको थियो भने बाँकी पाँच हजार पनि दिने बचन दिएको थियो । त्यो हतियार नेपाली सेनाले प्राप्त गरेपछि मनोबल बढ्न गएको थियो

भने त्यती शक्तिशाली हतियार नेपाली सेनासँग भएपछि माओवादीहरूमा मानसिक असर पर्न गई हतोत्साही समेत भएका थिए । विशेषज्ञहरूको के भनाई रहेको छ भने नेपाली सेना अमेरिकी हतियारबाट सुसज्जित भएपछि माओवादीहरूमा मानसिक त्रासदी बढ्न गएको थियो । अमेरिकाले दिएको कोल्ड कम्पनीको एम-१६ र मिनिमि राइफल बोक्नलाई हलुका र शक्तिशाली भएकाले उच्च पहाडी भेगमा युद्धको लागि ज्यादै उपयुक्त थियो । त्यसैले त्यतिबेला युद्धक्षेत्रमा माओवादीहरूको मुख्य ध्यान सेनाबाट एम-१६ र मिनिमि राइफल खोस्नु हुन्थ्यो । उनीहरू एम-१६ राइफललाई 'कालो हतियार' भन्थे र सेनाबाट उक्त राइफल खोस्न सक्दा ठूलो सफलता महसुस गर्दथे ।

माओवादी द्वन्द्वको समयमा अमेरिकी सेनाका प्रशिक्षकहरू नेपाल आएर नेपाली सेनालाई आतंकवादविरुद्ध लड्न आधुनिक तालिमहरू पनि दिएको थियो । त्यसले नेपाली सेनाको क्षमता वृद्धि हुन गई माओवादीविरुद्ध प्रभावकारी रूपले लड्न महत्त्वपूर्ण सहयोग मिलेको थियो । नेपाली सेनामा 'रेञ्जर बटालियन' को विकास नै अमेरिकी सेनाको तालिम र सहयोगबाट भएको थियो । त्यसै गरी माओवादीविरुद्ध सेना परिचालन गर्दा ल्याइएको युनिफाइड कमाण्डको अवधारणा पनि अमेरिकाको भियतनाम, अफगानिस्तान, इराक आदि ठाँउको अनुभवका आधारमा लागू गरिएको थियो (कुमार, २००६ फेब्रेवरी १३-२७; हुमागाई, २००९ मार्च) । 'रेञ्जर बटालियन' दोस्रो विश्वयुद्धताका अमेरिकीहरूले तयार गरेको उच्च तालिम प्राप्त कमाण्डो दस्ताकै प्रतिरूप थियो । हाल विश्वमै अस्तित्वमा नभएको त्यस प्रकारको दस्ता नेपाली सेनाले अमेरिकी सरकारको सहयोगमा तयार पारेको थियो । (घले, २००४ मार्च ६) । तर यो बटालियन पुर्णतः अमेरिकाको परिकल्पनाबाट मात्र नभई अमेरिकामा गई रेञ्जर तालिम गरी फर्किएका नेपाली सेनाका अधिकृतहरूको परिकल्पनाबाट पनि तयार पारिएको थियो । तत्कालीन प्रधानसेनापति महारथी प्यारजंग थापाले अमेरिकाबाट रेञ्जर तालिम गरेका थिए । नेपालमा माओवादी युद्ध चर्किएपछि तत्कालीन शाही नेपाली सेनालाई यस्तो फौजको आवश्यकता महसुस भयो कि जुन फौज अरु फौजभन्दा विशेष तालिम प्राप्त भएको आधुनिक हतियारले सुसज्जित होस् र जसले तोकेको विशेष काम गर्न सकोस् । जसअनुसार प्रधानसेनापति प्यारजंग थापाको अवधारणा र तत्कालीन लडाँइको आवश्यकताअनुसार रेञ्जर बटालियनको स्थापना गरिएको थियो, जसलाई सफल बनाउन अमेरिकाले सैनिक सामग्री र तालिम उपलब्ध गराएको थियो । अमेरिकी सेना नेपाल आएर दिएको उक्त तालिम ज्यादै उच्चस्तरको थियो । सैनिक अधिकारीहरूका अनुसार रेञ्जर बटालियन माओवादीविरुद्ध लड्न ज्यादै प्रभावकारी भएको र माओवादीसँगको धेरै ठाउँको युद्धमा विजय पनि प्राप्त गरेको थियो । रेञ्जर गणको परिचय पुस्तिकामा उल्लेख गरेअनुसार 'अन्तिमपटकको युद्धविराम घोषणा हुँदासम्म रेञ्जरहरूले विशिष्ट ढंगबाट नेपालको ७५ जिल्लामध्ये ५५ जिल्लामा एउटा पनि लडाँइमा नहारी महत्त्वपूर्ण अप्रेसनहरू संचालन गरेका थिए । रेञ्जर फौज, वास्तवमा भन्ने हो भने धेरै अघिदेखि नै सबैले धेरै माग गरेको फौज थियो भने सम्पूर्ण सुरक्षा फौजको लागि हौसलाको श्रोत पनि थियो' (अधिकारी, प्रकाशन मिति उल्लेख नभएको), ।

रेञ्जर बटालियनको जन्म लडाँइले नै गराएकाले मानसिक रूपमा लड्नुपर्छ, जित्नुपर्छ भन्ने मानसिकता रहेकोले र अरू पल्टनका सैनिकहरूले भन्दा स्तरीय तालिम प्राप्त गरेकाले आत्मबलका साथै आत्मविश्वास पनि बढेको थियो । त्यसैले धेरै लडाँइहरू जित्न रेञ्जर बटालियन सफल भएको हो भन्ने अमेरिकीहरूबाट पहिलो डफ्फामा रेञ्जर तालिम गरेका र युद्ध क्षेत्रमा खटिएका एक रेञ्जर गणका सैनिकहरूको मत रहेको छ । त्यसैले भन्नेहरू के भन्छन भने, तत्कालीन समयमा शाही नेपाली सेनाको

मुख्य खम्बा नै रेञ्जर गण थियो । जसलाई त्यसस्तरमा पुऱ्याउन अमेरिकाले सक्दो सहयोग गरेको थियो । क्यालिफोर्निया विश्वविद्यालय सान्ताक्रुजका उच्च प्रशासनिक अधिकृत एवं पत्रकारिता पढाउने कन ह्याल्लिनानले उल्लेख गरेअनुसार, अमेरिकाले नेपाललाई ८ हजार ४ सय थान एम-१६ राइफल (जसबाट प्रतिमिनेट ९५० वटा गोली हान्न सकिन्थ्यो) र राती पनि प्रयोग गर्न सकिने उच्च प्रविधिका युद्ध उपकरणहरू शाही नेपाली सेनालाई प्रदान गरेको थियो (ह्याल्लिनान, २००४ फेब्रेवरी ३) । नेपाली सेनालाई ५ हजार थान एम-१६ राइफल दिएको जानकारी यसभन्दा अघि भए तापनि उनले भनेअनुसार त्यसको संख्या धेरै देखिन्छ । तसर्थ हतियारको संख्या सरकारले लुकाएको थियो कि भन्ने अनुमान गर्न सकिन्छ । जानकारहरूको के विश्लेषण रहेको छ भने अमेरिका, भारत, बेलायतलगायतका देशहरूबाट सैनिक सहयोग पाएपछि नेपाली सेना माओवादीविरुद्ध प्रभावकारीरूपले आक्रामक भएको थियो । अमेरिकी सेनाको सहयोगमा खडा गरिएको रेञ्जर बटालियनमा शुरूमा १ हजार कमाण्डो दस्ता तयार पारिएको थियो (मुनी, २००४) । अमेरिकी विदेशमन्त्री जनरल कोलिन पावेलले सन् २००२ जनवरी १८ र १९ मा नेपाल भ्रमणमा आउदा सैनिक मुख्यालयमा नै गएर नेपाली सेनाले माग गरेबमोजिम 'लजिस्टिक सपोर्ट' प्रदान गर्न सहमति जनाएका थिए । उनी सेनाका पूर्वजनरल जो पहिला भियतनाम युद्धमा समेत सामेल भएमा थिए, भएर पनि माओवादीविरुद्ध कस्तो किसिमको सैनिक सहयोग गर्न सकिन्छ भन्ने जान्नका लागि अमेरिकी सरकारले उनलाई नेपाल पठाएको हुनसक्छ । त्यसैगरी प्रधानमन्त्री शेरबहादुर देउवा सन् २००२ मे महिनामा अमेरिकाको भ्रमणमा जाँदा नेपाल सरकारको अनुरोधअनुसार अमेरिकी सरकारले सन् २००२ अगष्टको शुरूमा नेपाललाई वैदेशिक सैनिक अनुदान कार्यक्रमअनुसार आतंकवादलाई अन्त्य गर्नका लागि २० मिलियन अमेरिकी डलर उपलब्ध गराएको थियो ।

अमेरिकी सेनाका प्रशिक्षकहरू नेपाल आई नेपाली सेनालाई माओवादीविरुद्ध लड्न तालिम दिएको कुरालाई तत्कालीन समयमा अमेरिकी दूतावास एवं नेपाल सरकारपक्षले अस्वीकार गरेको थियो । तर त्यो असत्य थियो । किनभने अमेरिकी सेनाकै सल्लाह र सहयोगबाट नै रेञ्जर बटालियन खडा गरिएको थियो । रेञ्जर बटालियनभित्र रहँने सेनालाई तालिम दिनु पर्दथ्यो र एम-१६ राइफल चलाउन पनि सिकाउनु पर्दथ्यो । त्यसका लागि अमेरिकी सेनाका प्रशिक्षकहरू चाहिन्थ्यो । त्यसैले अमेरिकी सेनाका प्रशिक्षकहरू आएका थिएनन् भन्ने कुरा सत्य थिएन । एक स्रोतले उल्लेख गरेअनुसार, सन् २००३ जनवरीमा प्यासिफिक कमाण्डका करिब ४० जना अमेरिकी सेनाहरू नेपाल आई नेपाली सेनासँग संयुक्त सैनिक अभ्यास गरेको थियो । जुन अभ्यासको मुख्य उद्देश्य सैनिक अपरेसनको प्रभावकारी वृद्धि, अन्य सुरक्षा फौजसँगको सहकार्य र प्राविधिक दक्षता वृद्धि गराउनु थियो । (मुनी, २००४, द काठमाडौं पोष्ट, २००३ जनवरी १४) । रक्षा मन्त्रालय स्वयंले समेत माओवादी विद्रोह सम्बन्धमा आवश्यक सैनिक सामग्रीका बारेमा जानकारी गराउन र छलफल गर्न अमेरिकी सैनिक दललाई नेपाल आउन निमन्त्रणा गरेको कुरा खुलस्त पारेको थियो (मुनी,२००४) । अमेरिकी राजदूत स्वयमले नेपालमा कुनै सैनिक आधार बनाउने र कुनै रणनीतिक स्वार्थ पूरा गर्ने अमेरिकाको उद्देश्य छैन केवल आतंकवादविरुद्ध कसरी लड्ने भन्ने तालिम नेपाली सेनालाई दिनका लागि अमेरिकी सेना नेपालमा रहेकाछन् भन्ने खुलासा गरेका थिए । यसले पनि के स्पष्ट हुन्छ भने अमेरिकी सेनाका प्रशिक्षकहरू काठमाडौं आएका थिए । एक स्रोतले उल्लेख गरेअनुसार, अमेरिकी प्यासिफिक कमाण्डले अमेरिकी सेनाका उच्च अधिकारीहरू नेपाल पठाई वर्षको २/३ पटक सैनिक तालिम समेत दिने गर्दथ्यो । अहिले पनि नेपाल र अमेरिकाबीच तालिमका लागि एक-अर्को देशमा सैनिकहरू पठाउँदै आइएको छ ।

माओवादीविरुद्ध लड्न नेपाली सेनालाई अमेरिकी सरकारले दिएको सैनिक सहयोग ज्यादै महत्वपूर्ण थियो । तत्कालीन समयमा नेपाली सेनाले समेत, अमेरिकी सैनिक सहयोगविना आफूहरू माओवादीका सामु टिकिरहन सक्ने थिएनौं भन्ने प्रतिवेदन अमेरिकी सहायक विदेशमन्त्री क्रिस्टिना बी. रोक्कासमक्ष पेश गरेको थियो । (शर्मा, २००४ फेब्रेवरी १) । त्यसबाट पनि अमेरिकी सैनिक सहयोग नेपाली सेनाका लागि माओवादीविरुद्ध लड्न ज्यादै प्रभावकारी भएको थियो भन्ने कुरा प्रमाणित हुन्छ । त्यसैगरी अमेरिकी सैनिक सहायता पाएर नेपाली सेना कति बलियो भएको थियो र त्यसले माओवादीहरूको उद्देश्य कसरी असफल बनाएको थियो भन्नेबारेमा माओवादी पक्ष के स्वीकार्छ भने,

> संकटकालमा पुरानो सामन्ती सत्ता र उसको शाही सेनालाई अमेरिकी सैन्य विशेषज्ञहरूको योजना, निर्माण, तालिम र निर्देशन नभएको भए तथा अमेरिकालगायत वैदेशिक प्रतिक्रियावादी शक्तिहरूको आर्थिक र फौजी सहयोग प्राप्त नगरेको भए नेपालमा सडे गलेको सामन्ती सत्ता जनयुद्धका अगाडि आजसम्म टिक्न सम्भव थिएन । (शर्मा, २००४ फेब्रेवरी १)

माओवादी सेना प्रमुख नन्दकिशोर पुनको पनि के निष्कर्ष रहेको थियो भने, सेनाका क्याम्पमा अमेरिकी टेक्नोलोजी नभएको भए हरेक क्याम्प कब्जा गर्ने स्तरमा माओवादी सेनाको विकास गरिएको थियो ( कान्तिपुर, २०१० फेब्रेवरी १३) । यसको अर्थ नेपाली सेनाले अमेरिकी सैनिक तालिम र टेक्नोलोजीअनुसार ब्यारेकमा डिफेन्स नलिएका भए धेरै ब्यारेक कब्जा गर्न सकिन्थ्यो भन्ने हो । यसले पनि के स्पष्ट पार्छ भने, नेपाली सेनाले अमेरिकी प्रशिक्षकबाट लिएको तालिम र हतियार सहयोग माओवादीका लागि बाधक थियो भने नेपाली सेनाका लागि उपयोगी थियो । त्यतिबेला नेपाली सेनाको शक्तिको स्रोत अमेरिका भएको र अमेरिका माओवादीको अवरोध भएकाले आफ्नो लक्ष्यमा छिटै सफलता पाउन नसकेको भन्ने माओवादीको निष्कर्ष थियो । माओवादीको यस्तो निष्कर्षले पनि अमेरिकी सैनिक सहयोग, नेपाली सेनाका लागि कति प्रभावकारी थियो र माओवादीका लागि कति अवरोधक थियो भन्ने स्पष्ट हुन्छ ।

अमेरिकाले सैनिक सामग्री र तालिम दिएरमात्र नभई बेला बेलामा माओवादीविरुद्ध लड्न आवश्यक सल्लाह र निर्देशनसमेत दिएर नेपाली सेनालाई सहयोग गरेको थियो । त्यसका लागि अमेरिकी सरकारले आफ्ना सेनाका उच्च सैनिक अधिकृतहरूलाई नेपालसमेत पठाएको थियो । त्यस्ता सैनिक अधिकृतहरू नेपाली सेनाका ब्यारेकहरूमा समेत गई नेपाली सेनाका अधिकृतहरूसँग माओवादी द्वन्द्व र त्यसलाई समाधान गर्ने उपायबारे छलफल गर्ने गर्दथे (कान्तिपुर, २००४ मार्च २) । त्यसै गरी नेपालमा आएका अमेरिकी राजदूतहरूले पनि नेपाली सेना र माओवादीबीच धेरै भिडन्त हुने स्थलहरूको भ्रमण गरी सुरक्षा स्थितिबारे जानकारी लिने गर्दथे । उदाहरणका लागि, नेपालका लागि अमेरिकी राजदूत माइकल ई. मालिनोब्स्कीले सन् २००४ मार्च २ मा पोखरास्थित मध्यपृतना र नम्बर ३ बाहिनीको भ्रमण गरी त्यस क्षेत्रको सुरक्षास्थितिबारे जानकारी लिएका थिए । राजदूतका साथ अमेरिकी सैनिक सहचारी लेफ्टीनेन्ट कर्णेल जेम्स ई. अक्सली पनि गएका थिए (कान्तिपुर, २००४ मार्च ३) । यसरी कर्णेलका साथ नेपाली सेनाको ब्यारेक पुगी सुरक्षास्थितिबारे बुझ्नुको मुख्य उद्देश्य आफूले नेपाली सेनालाई दिएको सैनिक सहयोग कति प्रभावकारी भइरहेको छ र त्यसलाई अझ प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने बुझ्नका लागि थियो । यसरी एकातर्फ सैनिक सहायता उपलब्ध गराउने अर्कोतर्फ ब्यारेकहरूमा गई सुरक्षा स्थितिबारे बुझ्ने आदि कार्य गरेकाले र नेपाली सेनालाई आवश्यक सल्लाह र निर्देशन दिने गरेकाले नै माओवादीले नेपाली सेनालाई 'शाही अमेरिकी सेना' को संज्ञा दिएको थियो (खनाल, २००४ मार्च ३) । अमेरिकी सरकार

नेपाललाई दत्तचित्त भएर सैनिक सहयोग गरिरहेका बेला नेपालको अर्को सैनिक सहयोगी राष्ट्र भारतले, सन् २००४ जुन १३ मा २ वटा लडाकु हेलिकोप्टरहरू सहयोगस्वरूप नेपाललाई प्रदान गऱ्यो । यसअघि माओवादीविरुद्ध परिचालित नेपाली सेनासँग लडाकु हेलिकोप्टर थिएन । 'ध्रुव' नाम दिइएका ती हेलिकोप्टरहरू भारतीय सेनाले पहिलोपटक सन् १९९९ मा कार्गिल युद्धमा प्रयोग गरेको थियो । उक्त युद्धमा ती हेलिकोप्टरहरू ज्यादै उपयोगीसिद्ध भएको थियो । त्यसैले नेपालमा उच्च पहाडी क्षेत्रहरूमा समेत उडान भर्न एवं कारवाही गर्न मिल्ने क्षमताका कारण उपयोगी देखेर सेनाले त्यसलाई प्रयोग गरेको थियो (कान्तिपुर, २००४ जुन १४) । सन् २००४ सेप्टेम्बरमा प्रधानमन्त्री शेरबहादुर देउवा भारतको ५ दिने भ्रमणमा जाँदा दुई देशले आतंकवादविरुद्ध लड्नका लागि सहयोग आदानप्रदान गर्ने सम्बन्धमा साझा प्रतिबद्धता व्यक्त गर्नुका साथै भारतले त्यसका लागि सबै किसिमको सहयोग दिने बचन दिएको थियो । (हिमालय टाइम्स, २००४ सेप्टेम्बर १३) । त्यतिबेला भारतले नेपाल प्रहरीलाई आधुनिक तालिम र हतियारसमेतको सहयोग दिने बचन पनि दिएको थियो । जसअनुसार सोही महिनामा अतिवादी समूहविरुद्ध लड्ने विशेष दस्ता 'ग्रेहाउन्ड्स' ले एकसयभन्दा बढी नेपाल प्रहरीलाई आतंकवादविरुद्ध लड्न गोप्य रूपमा तालिम दिएको थियो । तीन महिनासम्म संचालित उक्त तालिममा विशेष गरी जंगल युद्धकलामा जोड दिइएको थियो । (राजधानी, २००४ सेप्टेम्बर १७) भारत सरकारले हेलिकोप्टर सहयोग दिएपछि बेलायत सरकारले समेत गुप्तचरीमा समेत प्रयोग गर्न सकिने छोटो दुरीमा अवतरण गर्न मिल्ने दुई वटा हवाई जहाजहरू नेपाललाई दियो । ती हवाईजहाजहरू उच्च पहाड र साना मैदानमा समेत अवतरण गर्न सकिने भएकाले पेट्रोलिङ्ग तथा सर्भिलेन्सका लागि प्रयोगमा ल्याउने काम सेनाले गरेको थियो । (कान्तिपुर, २००४ जुन २४) । पाकिस्तानी प्रधानमन्त्री सौकत अजिजले पनि नेपाललाई हिंसात्मक द्वन्द्वविरुद्ध लड्न सैनिक सहयोग गर्ने कुरा व्यक्त गरेका थिए । (*राजधानी*, २००४ नोभेम्बर २) । तर भारतीय विदेशमन्त्री के नटवर सिंहले फेब्रवरी १ (माघ १९) को शाही कदमपछि उत्पन्न परिस्थितिमा पाकिस्तानी सैनिक सहयोग सम्भव नभएको धारणा व्यक्त गरेका थिए (कान्तिपुर, २००५ मार्च २७) । नेपाललाई सैनिक सहयोग नदिन पाकिस्तानलाई रोक्न सक्ने अधिकार भारतलाई थिएन, त्यो पाकिस्तानको आफ्नो इच्छाको कुरा थियो । त्यसैले भारतीय विदेशमन्त्री के.नटवरसिंहको उक्त धारणा आउने वित्तिकै पाकिस्तानले नेपालसँग सौहार्दपूर्ण सम्बन्धका आधारमा नेपालले औपचारिक आग्रह गरे पाकिस्तानले हतियार र सैन्य सहयोग गर्न सक्ने प्रतिक्रिया दिएको थियो ।  (कान्तिपुर, २००५ मार्च ३०) । तर त्यतिबेला पाकिस्तानले नेपाललाई कुनै सैनिक सहयोग गरेको प्रमाण भेटिएको छैन ।

## चीनको सैनिक सहयोग

सन् २००५ फेब्रेवरी १ मा राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि नेपाललाई सैनिक सहयोग दिइरहेका राष्ट्रहरूले सैनिक सहयोग बन्द गर्न थाले । जसअनुसार पहिलोपटक बेलायत सरकारले नेपाललाई दिँदै आएको सैनिक सहयोग रोक्का गर्ने घोषणा गऱ्यो । त्यस्तो घोषणा भारतले पनि गऱ्यो । तर अमेरिकाले तुरुन्तै कुनै प्रतिक्रिया व्यक्त गरेन । त्यसरी सहायता रोक्नुलाई दुर्भाग्यपूर्ण भन्दै सहयोग कटौतीबाट माओवादीलाई फाइदा हुने धारणा सेनाले सार्वजनिक गऱ्यो । (कान्तिपुर, २००५ फेब्रेवरी २४) । भारत र बेलायतले सैनिक सहयोग रोक्का गरेपछि सरकारले चीनबाट हतियार ल्याउनेतर्फ सोच्यो । जसका क्रममा राजपरिषद् स्थायी समिति सदस्य एवं पूर्वप्रधानसेनापति सत्चीतशमसेर राणाले आतंकवादविरुद्ध लड्न मित्रराष्ट्र चीनबाट हतियार सहयोगको प्रस्ताव आएको खुलासा गर्दै अरूसँग घुँडा टेक्नुभन्दा चीनको सहयोग स्वीकार्नु राम्रो भन्ने धारणा व्यक्त गरे । (कान्तिपुर, २००५ मार्च २०) । यसको अर्थ सरकारले

बेलायत र भारतले सैनिक सहयोग रोकिसकेको र त्यस विषयमा अमेरिकाले सोचिरहेकाले सेनाका लागि आवश्यक पर्ने हतियार चीनबाट ल्याउने योजना बनाएको थियो भन्ने स्पष्ट हुन्छ । यसै क्रममा सन् २००५ अप्रिल ५ मा अमेरिकी सरकारले पनि नेपाली सेनालाई दिँदै आएको सैनिक तालिम स्थगित गरेको घोषणा गऱ्यो । सैनिक सहयोग स्थगित गरेको विषयमा नेपालको वदलिँदो राजनीतिक परिस्थितिलाई बेलायत र भारतले कारण देखाएजस्तो अमेरिकी सरकारले सैनिक तालिम बन्द गर्नुमा नेपालको राजनीतिक कारण देखाएको थिएन । आफ्नै प्रशासनिक कारण र सुनामी प्रभावित क्षेत्रमा उद्धारका लागि जानु पर्ने स्थितिबाट सैनिक तालिम रोक्नु परेको कुरा काठमाडौँस्थित अमेरिकी दूतावासले सार्वजनिक गरेको थियो (कान्तिपुर, २००५ अप्रिल ६) । तर जे कारणले सैनिक तालिम रोके पनि त्यो कुरा माओवादीविरुद्ध लडिरहेको नेपाली सेनाका लागि ठूलो क्षति थियो । जसले उनीहरूमा सैनिक रणकौशलको ज्ञानमा वृद्धि हुन सकेन । तर नेपालमा संकटकाल हटाइएको र केही नेताहरूलाई रिहा गरिएकाले राजनीतिक स्थितिमा केही सुधार आएको जनाउँदै पाइपलाइनमा रहेका केही सैन्य सामग्री भारत सरकारले मे महिनामा नेपाल पठायो । जसमा २००० थान बुलेटप्रुफ ज्याकेट, डेढदर्जन ट्रक र केही जीपहरू रहेका थिए (राजधानी, २००५ मे १३) । स्मरणीय कुरा के छ भने, मे महिनामा जकार्तामा भएको बोआओ सम्मेलनमा राजा ज्ञानेन्द्र र भारतीय प्रधानमन्त्री मनमोहन सिंहबीच भएको भेटघाट र सहमतिअनुसार पाइपलाइनमा रहेका ती सैन्य सामाग्रीहरू भारतले नेपाल पठाएको थियो । (राजधानी, २००५ मे ११) । भारत सरकारले पठाएका ती सामग्रीहरू हतियारहरू थिएनन् ।

सन् २००५ नोभेम्बर १३ मा अमेरिकी सरकारले सैन्य सहयोगका लागि नयाँ शर्तहरू अघि साऱ्यो । जसमा नागरिक स्वतन्त्रता पुनर्स्थापना, मानव अधिकार रक्षा, दलहरूसँग संवाद र नेपालको संविधान २०४७ अनुसार बहुदलीय सरकार पुनर्स्थापना गर्नुपर्ने समय सूचीसहितको प्रतिबद्धता आउनु पर्ने आदि कुरा उल्लेख गरिएको थियो (कान्तिपुर, २००५ नोभेम्बर १४) । जसलाई अमेरिकी संसदमा डेमोक्रेटहरूको बहुमतबाट पारित भई राष्ट्रपति जर्ज डब्लु. बुशले हस्ताक्षर गरेका थिए । ती नयाँ शर्तहरूले गर्दा नेपालले अमेरिकाबाट सैन्य सहयोग सजिलैसँग पुनः प्राप्त गर्न सक्ने सम्भावना रहेन । त्यस परिस्थितिमा माओवादीसँग लडिरहेको नेपाली सेनाको शक्ति ह्रास हुँदै गयो र कतिपय ठाउँमा माओवादीहरू नेपाली सेनालाई पराजित गर्न पनि सफल भए । तर सैन्य सहयोग राजाको कदमविरुद्ध रोक्का गरे तापनि त्यसको कारणबाट माओवादी विजयी र सेना पराजित होस् भन्ने भित्री इच्छा अमेरिकाको थिएन । उक्त कुराको प्रमाण राजदूत मोरियार्टीको विचारबाट पनि स्पष्ट हुन्छ । उनले अमेरिकाको सैन्य सहयोग नगर्ने निर्णयले नेपाली सेनालाई चोट पुगेको र त्यसबाट नेपाली सेना कमजोर भएकोमा आफू चिन्तित भएको कुरा व्यक्त गरेका थिए (कान्तिपुर, २००५ नोभेम्बर १८) । अमेरिका, भारत र बेलायतले सैन्य सहयोग रोकेपछि वैकल्पिक स्रोत खोज्ने क्रममा चीनबाट हतियार भित्र्याउन प्रयासरत् नेपाली सेनालाई नोभेम्बर महिनाको अन्त्यतिर सफलता मिल्यो । जसअनुसार नोभेम्बरको अन्त्यतिर चीन सरकारले १८ वटा ट्रकमा चिनियाँ एके-४७ सिरिजको राइफल, गोली र विस्फोटक पदार्थसहितका सैन्य सामग्री नेपाल पठायो (तिमिल्सिना, २००६ फेब्रवरी २६) । यसभन्दा अगाडि चीनले सञ्चार उपकरणसहितको गैरघातक सैन्य सामग्री सहयोग गर्दै आएकोमा राइफल, गोली र विस्फोटक पदार्थजस्ता घातक सैन्य सामग्री दिएर नेपाललाई सैन्य सहयोग गरेको यो पहिलोपटक थियो । स्मरणीय कुरा के छ भने, सन् २००४ अक्टोबरमा प्रधानसेनापति प्यारजंग थापाले चीनको भ्रमण गर्दा गरिएको अनुरोध र सन् २००५ मे मा जकार्तामा सम्पन्न बोआओ सम्मेलनमा राजा ज्ञानेन्द्रले चिनियाँपक्षसँग गरेको वार्ताबाट प्राप्त सहमतिअनुसार चीन सरकारले उक्त सैनिक सहयोग नेपाललाई गरेको थियो । चिनियाँ सैन्य सहयोगले

नेपालमा चिनियाँ प्रभाव फैलन सक्ने खतरा उत्पन्न भएपछि भारतीय रक्षामन्त्री प्रणव मुखर्जीले चिन्ता व्यक्त गरेका थिए (कान्तिपुर, २००५ डिसेम्बर २१) । चीनबाट हतियार ल्याएकाले भारत सरकार, नेपाल सरकारप्रति यतिसम्म रुष्ट भयो कि भारतले नेपाली सेनालाई दिएको हतियारलगायतका सामग्रीमा तिर्न बाँकी रकम भुक्तान नगरेसम्म अन्तःशुल्क फिर्ता रकम (डि.आर.पी.) झण्डै २ अर्ब रुपैयाँ भुक्तानी रोक्यो (कान्तिपुर, २००६ फेब्रेवरी १५) । नेपालले चीनबाट हतियार ल्याएपछि भारतलाई जति चिन्ता लागेको थियो अमेरिकालाई त्यति चिन्ता नलागे तापनि अमेरिका नेपालमा चिनियाँ प्रभाव नफैलियोस् भन्ने चाहन्थ्यो । त्यसको लागि उसले नेपालको राजनीतिक परिस्थितिबारे चीनसँग परामर्श गरी आफूले प्रजातन्त्र पुनर्स्थापना नभएसम्म सैन्य सहयोग रोकेकाले चीनलाई पनि त्यस्तै गर्न आग्रह गरेको थियो (कान्तिपुर, सन् २००६ मार्च १०) । तर चीनले त्यस विषयमा कुनै प्रतिक्रिया जनाएको थिएन ।

त्यसै परिस्थितिमा दल र माओवादीबीच १२ बुँदे समझदारी भई आन्दोलन गर्ने सहमति भएअनुरूप सन् २००६ अप्रिल ६ (२०६२ चैत्र २४) देखि देशमा जनआन्दोलन शुरू भयो । जसले गर्दा सेना माओवादी युद्धको वातावरण पनि मोडिँदै गयो । जनआन्दोलनको सफलतापछि सरकार र माओवादी विस्तृत शान्ति सम्झौता सम्पन्न भयो र माओवादी युद्ध पनि समाप्त भयो तसर्थ नेपाललाई माओवादीविरुद्ध सैनिक सहयोग माग्नु पर्ने अवस्था रहेन । समय बित्दै जाँदा पुनर्स्थापित सरकारले अमेरिका, भारत र बेलायतजस्ता नेपाललाई सैन्य सहयोग पुऱ्याइरहेका राष्ट्रहरूलाई पुनः सहयोग जारी राख्न अनुरोध गर्न थाल्यो । तर नेपालमा सुरू भएको जनआन्दोलनका कारण उक्त कुरा अघि बढ्न सकेन ।

## विदेशी राष्ट्रहरूले दिएको सैनिक सहयोगबाट परेको प्रभाव

सरकार-माओवादी युद्धताका विदेशी राष्ट्रहरूले नेपाली सेनालाई उपलब्ध गराएको सैन्य सहयोगले केही हदसम्म युद्धलाई लम्ब्याउने र चर्काउने काम गरेको थियो । किनभने विदेशी राष्ट्रहरूबाट शक्तिशाली हतियार र तालिम प्राप्त भएपछि नेपाली सेनाको आत्मबल बढेको थियो भने सरकारलाई पनि माओवादीसँग लचिलो बन्नु पर्ने वाध्यता परेको थिएन । उदाहरणका लागि सरकार माओवादीबीच तेस्रो चरणको वार्ता हुने क्रममा अमेरिकी सेनाको एसिया प्यासिफिक कमाण्डका प्रमुख एस. क्याम्वेलले सन् २००३ जुन १८ मा नेपाल आई प्रधानसेनापति प्यारजंग थापासँग भेट गरी नेपाली सेनालाई आधुनिकीकरण गर्नेबारेमा कुराकानी गर्दै नेपाली सेनालाई हातहतियारले सुसज्जित गराउन अमेरिकी सरकारले सधैं सहयोग गर्ने आश्वासन दिएका थिए (नेपाल समाचारपत्र, २००३ जुन २०) । यसले राज्य पक्षलाई वार्तामा लचिलो बन्नु नपर्ने गराएको थियो । किनभने वार्ता विफल भई पुनः युद्ध भए पनि अमेरिकाबाट सैनिक सहयोग पाइहालिन्छ भन्ने कुरामा सरकार विश्वस्त बन्यो । नेपाली सेनालेजस्तो माओवादीले खुल्ला रूपमा कसैबाट सैनिक सहयोग त प्राप्त गरेको थिएन । तापनि लुकाई-छिपाई उनीहरूले पनि बाहिरबाट शक्तिशाली हतियार भित्र्याउन सफल भएका थिए । अमेरिकी सैन्य सहयोगका कारणबाट माओवादीप्रति सरकार जसरी लचिलो बनेन त्यसैगरी बाहिरी शक्तिको समर्थनका कारणबाट पनि माओवादी, सरकारप्रति लचिलो बनेको थिएन । जस्तो कि, सन् २००३ जुलाईमा विश्वभरिका माओवादीहरूको संगठन 'रिम' को पाँचौं दक्षिण एसियाली क्षेत्रीय सम्मेलनले नेपालको माओवादी अन्दोलनलाई महत्त्व दिदै नेपालको जनयुद्धले नेपाली शासक वर्गमात्र नभएर भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादलाई समेत चुनौती दिएको भन्दै नेपालतर्फ हात बढाऊ अर्थात् माओवादीलाई सहयोग गर भन्ने कुरा उल्लेख गरेको थियो (नेपाल समाचारपत्र, २००३ जुलाई १५) । यसरी भारतीय विस्तारवाद र

अमेरिकी साम्राज्यवादलाई समेत माओवादीले चुनौती दिएको भन्ने प्रशंसा गरेपछि माओवादीमा पनि मनोबल बढ्न गई विदेशी राष्ट्रहरूबाट सैन्य सहयोग र तालिमबाट सुसज्जित नेपाली सेनासँग पछि नहट्ने मनोवृत्ति बढ्नुको साथै सरकारसँग झुक्न र नरम बन्ने भावना हराएको थियो । त्यसले पनि वार्ता सकारात्मक रूपले अगाडि बढ्न अवरोध पुऱ्याएको थियो । 'द इन्टरनेशनल क्राइसिस ग्रुप' ले सरकार र माओवादीबीचको वार्ता भंग हुनुको कारणहरू प्रकाश पार्ने क्रममा, अमेरिकाले नेपाली सेनालाई सक्रिय समर्थन र सहयोग गर्नु पनि एक कारण थियो भनी निष्कर्ष निकालेको थियो (मिश्र, २००९) । हुन पनि विदेशी राष्ट्रहरूको सहयोगको आड पाएर नै नेपाल सरकार वार्ता विफल भए पनि माओवादीसँग लड्न सकिन्छ भन्ने कुरामा ढुक्क थियो । एउटा सत्य कुरा के पनि थियो भने 'जबसम्म अमेरिकालगायत भारत र बेलायतले नेपाली सेनालाई हतियार दिन बन्द गर्ने छैन, तबसम्म शाही नेपाली सेनामाथि विजय प्राप्त गर्न सकिने छैन' भन्ने माओवादी निष्कर्ष रहेको थियो (सिंह, २००७) । यसले पनि के स्पष्ट हुन्छ भने, माओवादी युद्धका समयमा विदेशी राष्ट्रहरूको सैनिक सहयोगले नेपाली सेनाको शक्ति बढाएको थियो भने माओवादीहरूलाई सेनामाथि पूर्णरूपले विजय प्राप्त गर्न असम्भव भएको थियो । अमेरिकाले जे जति सैनिक सहयोग नेपाललाई गरेको थियो त्यसमा अमेरिको स्वार्थ थियो भन्नेहरू पनि छन् । विश्लेषकहरू के पनि भन्दछन् भने 'अमेरिकी सैनिक सहयोग उसको विदेश नीतिको एक हिस्सामात्र थियो, अमेरिकीहरू नेपालको गरिबीप्रति न चिन्तित थिए न नेपाली जनताको अवस्थाप्रति' (भुर्तेल, २००४ जनवरी १२) । हुन पनि हरेक राष्ट्रले आफ्नो राष्ट्रिय स्वार्थलाई मात्र हेरेको हुन्छ र कुनै देशलाई सहयोग गर्नु वा नगर्नुमा आफ्नो देशको राष्ट्रिय लुकेको हुन्छ ।

माओवादी जनयुद्धका समयमा अमेरिकी सरकारले नेपाली सेनालाई सैन्य सामग्रीको अतिरिक्त स्वास्थ्य क्षेत्रमा पनि सहयोग गरेको थियो । जसअनुसार सन् २००१ देखि दुई वर्षसम्म नेपाली सेनाका करिव दुई हजार सैनिकहरूलाई हेपाटाईटिस 'ई' को खोप लगाउने काम गरेको थियो (अर्याल, २००६ सेप्टेम्बर १६) । स्मरणीय कुरा के छ भने सन् २००० मा नै अमेरिकीहरूले ललितपुरमा उक्त खोपको परीक्षण गर्न खोज्दा विरोध भएपछि स्थगित गरिएको थियो (अर्याल, २००६ सेप्टेम्बर १६) । उक्त खोप परीक्षणकै क्रममा भएकाले विरोध भएको हुनसक्छ । सेनाका उच्चतहका चिकित्सकको "यस खोपले हेपाटाईटिस 'ई' हुनबाट बचाउछ भन्ने विश्वास गरिए तापनि एक विस्तृत परीक्षण अझ गर्न बाँकी नै छ" (श्रेष्ठ, २०५७) । भन्ने भनाइले यसको नकारात्मक परिणाम निस्कन सक्ने सम्भावना पनि थियो । त्यसको जोखिमलाई वेवास्ता गर्दै ठूलो प्रयासपछि उक्त खोप एक वर्षपछि सेनामा प्रयोग गरिएको थियो । त्यसको कुनै नकारात्मक असर सैनिकहरूमा देखा नपरेको कुरा त्यति बेला सेनाले स्पष्ट पारेको थियो (अर्याल, २००६ सेप्टेम्बर १६) । खोपको प्रभाव सकारात्मक वा नकारात्मक के पऱ्यो भन्ने बारेमा आजसम्म पनि थाहा हुन सकेको छैन ।

माओवादीसँगको युद्ध तीव्र गतिमा अघि बढेपछि माओवादीविरुद्ध लड्न नेपाली सेनाले अमेरिकी हतियार र युद्धकला प्रयोग त गरेको नै थियो । तर शुरूमा माओवादीविरुद्ध सेना परिचालन गर्ने कि नगर्ने भन्ने सोच विकसित हुँदै गर्दा अमेरिकाले भियतनाम युद्धको समयमा लागू गरेको "लो इन्टेन्सिटी कन्फिल्क्ट अपरेसन (एल.आइ.सि.ओ.)" जसलाई नेपालीमा "निम्न प्रबलताको द्वन्द्वविरुद्धको कारवाही" भनिन्छ । यो सिद्धान्तलाई पनि सँगै लागू गर्नुपर्ने अवधारणा नेपाली सेनामा देखा परेको थियो । कुनै पनि देशमा उत्पन्न हुने क्रान्ति, विद्रोह, आतंकवाद, अपहरण, संघर्ष, गृहयुद्ध आदि कुनै पनि देशको सेनाको लागि निम्न प्रबलताको द्वन्द्वअन्तर्गत पर्दछन् । यस्तो द्वन्द्वको विरुद्ध राष्ट्रिय सुरक्षाको दृष्टिबाट सरकारद्वारा सैनिक सकृयतामा विकास

र सुरक्षालाई संलग्न गराई गरिने कुनै पनि सैनिक कारबाहीलाई "निम्न प्रबलताको द्वन्द्वविरुद्धको कारवाही" भनिन्छ (रायमाझी, २०५६) । माओवादीहरू सफल हुँदै गएको र सरकारी अन्य संयन्त्रहरू असफल बन्दै गएकाले देश निम्न प्रबलताको द्वन्द्वमा फसिसकेको हुनाले जनयुद्ध निस्कृय पार्ने जिम्मा सेनालाई दिनु ठीक हुन्छ भन्ने धारणा विकसित भएको थियो (रायमाझी, २०५६) । तर सेनाभित्रै अर्को धारणा त्यतिबेला के पनि थियो भने देशका सुरक्षा निकायहरू पूर्ण रूपले असफल भएपछि मात्र सेना परिचालन गर्नुपर्छ र सेना परिचालन गर्दा होसियारी अपनाउनु पर्छ (कट्वाल, २०५७) । माओवादी युद्धका समयमा नेपालले अमेरिकाद्वारा प्रतिपादित यो नीतिलाई स्पष्ट रूपमा लागू नगरे पनि अमेरिकाले नेपाललाई सुरक्षाको लागि भनेर सैन्य सामग्रीको सहयोग र विकास कार्यका लागि भनेर आर्थिक सहयोग दिनुमा कतै यही कारण त थिएन भन्ने शंका गर्न सकिन्छ ।

## निष्कर्ष

सरकारले माओवादीलाई आतंककारी घोषित गरी सेना परिचालन गर्‍यो । त्यसै समयमा अमेरिकामा सेप्टेम्बर ११ मा त्रासदीपूर्ण आतंककारी हमला भएपछि नेपाल सरकारले अमेरिका, भारत, बेलायत, चीन लगायतका देशहरूबाट सैनिक सहयोग (हतियार, तालिम, बन्दोबस्तीका सामान एवं आर्थिक सहयोग) प्राप्त गरेको थियो । ती राष्ट्रहरूले गरेको सहयोगहरूले सरकारलाई सकारात्मक फाइदा र माओवादीलाई नकारात्मक असर त पर्‍यो तर त्यसले द्वन्द्व समाधान हुनुको साटो झन् चर्काउने कामसमेत गरेको थियो । किनभने ती राष्ट्रहरूको समर्थन र सहयोग पाएपछि सरकारले वार्ताबाट माओवादी समस्या समाधान गर्नुभन्दा सैनिक बलबाटै माओवादीलाई दबाउने नीति लिएको थियो जसले गर्दा युद्ध झन् चर्कन गएको थियो । अमेरिकालगायतका राष्ट्रहरूबाट शक्तिशाली हतियार र तालिम प्राप्त भएपछि नेपाली सेनाको आत्मबल बढेको थियो भने सरकारलाई पनि माओवादीसँग लचिलो बन्नु पर्ने बाध्यता परेको थिएन । सरकार माओवादीबीच तेस्रो चरणको वार्ता हुने क्रममा अमेरिकी सेनाको एसिया प्यासिफिक कमाण्डका प्रमुख एस. क्याम्बेलले सन् २००३ जुन १८ मा नेपाल आई प्रधान सेनापति प्यारजंग थापासँग भेट गरी शाही नेपाली सेनालाई आधुनिकीकरण गर्ने बारेमा कुराकानी गर्दै शाही नेपाली सेनालाई हातहतियारले सुसज्जित गराउन अमेरिकी सरकारले सधैँ सहयोग गर्ने आश्वासन दिएका थिए । यसले राज्य पक्षलाई वार्तामा लचिलो बन्नु नपर्ने गरायो । किनभने वार्ता विफल भई पुनः युद्ध भए पनि अमेरिकाबाट सैनिक सहयोग पाइहालिन्छ भन्ने कुरामा सरकार विश्वस्त बन्यो । सरकार र माओवादीबीच शान्तिवार्ता चलिरहँदा पनि अमेरिकी सरकार र अमेरिकी नियोगका पदाधिकारीहरूले कुटनीतिक मर्यादा नाघेर आफ्ना अभिव्यक्तिहरू दिने काम गरे, जसले वार्ताको वातावरण धमिलाउन ठूलो भूमिका खेलेको थियो । तत्कालीन समयमा अमेरिकाले नेपाललाई द्रुत गतिमा दिइरहेको सैनिक सहयोगले नेपालमा अमेरिकी प्रभाव बढ्न गएको र त्यो अझै विस्तारित हुँदै जाने आशंका पनि बढाएको थियो । तर त्यो अवस्था लामो समयसम्म रहेन । तत्कालीन समयमा नेपालको माओवादीलाई आतंककारी सूचीमा राखेर नेपालको माओवादी सशस्त्र द्वन्द्वले अमेरिकी आन्तरिक सुरक्षामा गम्भीर खतरा पुऱ्याएको छ भन्ने आधारहीन अभिव्यक्ति दिनसमेत अमेरिकी सरकार पछि परेको थिएन । किनकी नेपालभित्रको माओवादी द्वन्द्वले अमेरिकी सुरक्षामा कुनै असर पार्दैनथ्यो । नेपालमा आफ्नो स्वार्थ पुरा गर्न अमेरिकाले त्यस्तो अभिव्यक्ति दिएको थियो कि भन्ने अनुमान गर्न सकिन्छ । त्यसैगरी उसले माओवादीलाई अन्तर्राष्ट्रिय आतंककारी समूहसँग पनि नाम जोड्ने काम गरेको थियो । तर नेपालका माओवादीहरूको विश्वका कुनै पनि आतंककारी समूहहरूसँग सम्बन्ध रहेको प्रमाण फेला परेको थिएन ।

माओवादीले सिर्जना गरेको अव्यवस्थाका कारण बाह्य विद्रोहीहरू सक्रिय हुने बाटो खुलेको अमेरिकी ठम्याई थियो । तर उक्त ठम्याई पनि सत्य सावित भएन । किनभने माओवादीका कारण नेपालमा कहिले पनि विदेशी विद्रोहीको प्रवेश भएन । अमेरिकाले विश्वका अन्य आतंककारीसँग माओवादीलाई दाँज्दै, नेपाल असफल राष्ट्र बन्ने र नेपालको भूमि आतंककारीका लागि स्वर्ग बन्ने भन्ने जुन सोच राखेको थियो, त्यो बिलकुल गलत सावित भयो । माओवादी पार्टी विशुद्ध राजनीतिक पार्टी थियो, जुन कुराको पुष्टि पछि राजनीतिक मूलधारमा आएपछि भएको छ । माओवादीको क्रियाकलाप हिंसात्मक हुनुले त्यस्तो देखिएको थियो ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, ध्रुवहरि (२००३), नेपाल आट्रयाक्स युएस एट्टेन्सन टु इण्डियाज डिस्मे, *स्पोर्टलाइट,* भोलम २३, नम्बर ९, सन् २००३ अगष्ट २२, पृ. २३-२४ ।

अधिकारी, युवधिर मान सिंह र खड्का, अनिश ध्वज (सम्पा.) (प्रकाशन मिति उल्लेख नभएको), *रेञ्जर चिनारी,* श्री महावीर गण रेञ्जर ।

अर्याल, प्रशान्त (सन् २००६ सेप्टेम्बर १६), नेपाली सैनिकमाथि अमेरिकी परीक्षण, *नेपाल,* वर्ष ८, अङ्क ६, पृ. १५ ।

उप्रेती, विष्णुराज (२०६१), *नेपालमा सशस्त्र द्वन्द्व (कारण, असर र समाधानका प्रयासहरू),* भृकुटी ऐकेडेमिक पब्लिकेसन्स् ।

कट्वाल, रुकमाङ्गत, (२०५७), राष्ट्रिय सेनाको कर्तव्य, *सिपाही (शाही नेपाली सैनिक पत्रिका),* वर्ष ३३, शाही नेपाली जंगी अड्डा, पृ. १३ ।

*कान्तिपुर* (२००३ सेप्टेम्बर १३), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष ११, अंक १०७, पृ. १ ।

*कान्तिपुर* (२००३ डिसेम्बर २३), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष ११, अंक ३०३, सन् २००३ डिसेम्बर २३, पृ. १ ।

*कान्तिपुर* (२००४ मार्च २), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १२, अंक १३, पृ. १ ।

*कान्तिपुर* (२००४ मार्च ३), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १२, अंक १४, पृ. १ ।

*कान्तिपुर* (२००४ जुन १४), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १२, अंक ११७, पृ. १ ।

*कान्तिपुर* (२००४ जुन २४), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १२, अंक १२७, पृ. १ ।

*कान्तिपुर* (२००५ फेब्रुवरी २४), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक ७, पृ. १ ।

*कान्तिपुर* (२००५ मार्च २७), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक ३८, पृ. १ ।

*कान्तिपुर* (२००५ मार्च २०), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक ३१, पृ. १ ।

*कान्तिपुर* (२००५ मार्च ३०), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक ४१, पृ. १ ।

*कान्तिपुर* (२००५ अप्रिल ६), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक ४८, पृ. १ ।

*कान्तिपुर* (२००५ नोभेम्बर १४), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक २६५, पृ. १ ।

*कान्तिपुर* (२००५ नोभेम्बर १८), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक २६९, पृ. १ ।

*कान्तिपुर* (२००५ नोभेम्बर २५), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक २७६, पृ. १ ।

*कान्तिपुर* (२००५ डिसेम्बर २१), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक ३०२, पृ. १ ।

*कान्तिपुर* (२००६ फेब्रेवरी १५), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १३, अंक ३५८, पृ. १ ।

*कान्तिपुर* (२००६ मार्च १०), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १४, अंक २०, पृ. १ ।

*कान्तिपुर,* (२०१० फेब्रेवरी १३), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १७, अंक ३५४, पृ. २ ।

*कान्तिपुर* (२०११ अप्रिल २०), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष १९, अंक ६१, पृ. ६ ।

कुमार, ध्रुव (२००६ फेब्रेवरी १३-२७), रणनीतिमै चुक्यो सेना, *हिमाल,* वर्ष १५, अंक २१, पूर्णाङ्क १६५, पृ. ४९ ।

खनाल, गोपाल माओवादी जनयुद्धको आठ वर्ष, (२००४ मार्च ३), वर्ष १२, अंक १४, पृ. १ ।

घले, खिम (२००४ मार्च ६), आधुनिकीकरण कि सैनिकीकरण, *कान्तिपुर,* वर्ष १२, अंक १७, सन् २००४ मार्च ६, पृ. ७।

तिमिल्सिना, अंगराज (२००६ फेब्रवरी २६), द्वन्द्व समाधानको बाटो, *नेपाल,* वर्ष ६, अंक २९, पृ. ५ ।

*द काठमाडौं पोष्ट* (२००३ जनवरी १४), भोलम १०, नम्बर ३२४, पृ. १ ।
दीक्षित, कनकमणि (२००३-२००४), विदेशी चासो, कति हर्ष, कति विस्मात, *हिमाल,* वर्ष १३, अंक १८, पूर्णाङ्क ११४, सन् २००३ डिसेम्बर १३-२००४ जनवरी १४), पृ. ३३ ।
*नेपाल* (राष्ट्रिय साप्ताहिक), (२००४ मे २३), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष ४, अंक २३, पृ. १३ ।
*नेपाल* (राष्ट्रिय साप्ताहिक) (२००५ अप्रिल २४), कान्तिपुर पब्लिकेसन्स् प्रा.लि., वर्ष ५, अंक ३६, सन् २००५ अप्रिल २४, पृ. १९ ।
*नेपाल समाचारपत्र* (२००३ जुन ९), कामना न्यूज पब्किेसन्स् प्रा.लि., वर्ष ८, अंक १५०, पृ. १ ।
*नेपाल समाचारपत्र* (२००३ जुन २०), कामना न्यूज पब्किेसन्स् प्रा.लि., वर्ष ८, अंक १६१, पृ. १ ।
*नेपाल समाचारपत्र* (२००३ जुलाई १५), कामना न्यूज पब्किेसन्स् प्रा.लि., वर्ष ८, अंक १८६, पृ. १ ।
भुर्तेल, भीमप्रसाद (२००४ जनवरी १२), सेप्टेम्बर एघार, आतंकवाद र नेपाली राजनीति, *कान्तिपुर,* वर्ष ११, अंक ३२३, पृ. ६ ।
मुनी, एस डी. (२००४), *माओइस्ट इर्न्सजेन्सी इन नेपाल (द च्यालेन्ज एण्ड द रेस्पोन्स्),* रुपा एण्ड कम्पनी ।
मिश्र, वीरेन्द्र प्रसाद (२००९), *द नेप्लिज पिस प्रोसेस,* फाइनप्रिन्ट इन्क ।
*राजधानी* (२००४ सेप्टेम्बर १७), राजधानी न्यूज पब्लिकेसन्स् प्रा.लि., वर्ष ४, अंक १०७, पृ. १ ।
*राजधानी* (२००४ नोभेम्बर २), राजधानी न्यूज पब्लिकेसन्स् प्रा.लि., वर्ष ४, अंक १४७, पृ. १ ।
*राजधानी* (२००५ मे ११), राजधानी न्यूज पब्लिकेसन्स् प्रा.लि., वर्ष ४, अंक ३२९, पृ. १ ।
*राजधानी* (२००५ मे १३), राजधानी न्यूज पब्लिकेसन्स् प्रा.लि., वर्ष ४, अंक ३३१, पृ. १ ।
राज, प्रकाश ए (२००४), रिसेन्ट ट्रेन्डस् अफ यु. एस. इन्ट्रेस्ट इन नेपाल; इन्स्टिच्यूट अफ फरेन अफेयर्स, *नेपाल्स् रिलेसन्स् विथ युनाइटेड स्टेटस् अफ अमेरिका,* आइएफए, पृ. ६० ।
राज, प्रकाश ए (२००४), *माओइस्ट इन द ल्याण्ड अफ बुद्ध* (एन एनालाइटिकल स्टडी अफ द माओइस्ट इर्न्सजेन्सी इन नेपाल), निरला पब्लिकेशन ।
रायमाझी, भरत (वि.सं. २०५६), निम्न प्रबलताको द्वन्द्वविरुद्धको कार्वाही लो इन्टेन्सिटी कन्फिल्क्ट अपरेशन (एल.आइ. सि.ओं) : एक विचार, *सिपाही* (शाही नेपाली सैनिक पत्रिका), वर्ष ३२, शाही नेपाली जंगी अड्डा, पृ. ४५ ।
लोबे, जीम (२००७ जुन २२), युएस फरेन पोलिसी अपिल फर 'जस्ट सेक्यूरिटी' एप्रोच, *द हिमालयन टाइम्स्,* भोलम ६, नम्बर २१२, पृ. ६ ।
*साँघु* (२००३ मे ५), साँघु न्यूज नेटवर्क, वर्ष २१, अंक ४, पृ. ८ ।
सिंह, शिव बहादुर (२००७), *नेपाल स्ट्रगल फर डेमोक्रेसी,* अध्ययन पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स ।
शर्मा, सुधिर (२००४ फेब्रेरी १), माओवादी आन्दोलनको अन्तर्राष्ट्रिय आयाम, *कान्तिपुर,* वर्ष ११, अंक ३४३, पृ. ६ ।
शाह, सौभाग्य (२००४), ए हिमालयन रेड हेरिङ्ग ? माओइस्ट रिभोल्यूसन इन द स्याडो अफ द लिगेसी राज, माइकल हट्ट (सम्पा.), *हिमालयन पिपुल्स् वार (नेपाल्स् माओइस्ट रिबेलियन),* हर्रस्ट एण्ड कम्पनी, पृ. २१२ ।
हुमागाई, मुकुल (२००९ मार्च १), विदेशी चासो, *नेपाल,* वर्ष ९, अंक २८, पृ. २६-२७ ।
*हिमालय टाइम्स* (२००४ सेप्टेम्बर १३), इन्टरनेसनल मिडिया नेटवर्क नेपाल प्रा.लि., वर्ष ९, अंक २५९, पृ. १ ।
ह्याल्लिनान, कन (२००४ फेब्रेवरी ३), बुस, बन्दुक र बेहाल नेपाल, *कान्तिपुर,* वर्ष ११, अंक ३४५, सन् २००४ फेब्रेवरी ३, पृ. ७ ।
श्रेष्ठ, खगेन्द्रबहादुर (२०५७), शाही नेपाली सेनामा हेपाटाईटिस 'ई', *सिपाही (शाही नेपाली सैनिक पत्रिका),* वर्ष ३३, शाही नेपाली जंगी अड्डा, पृ. ६५ ।